म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ६२ सोमबार १४ असोज २०८१ ने. सं. ११४४ ञलागा 30 September 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## उद्दारकार्यमा प्राथमिकता दिन बागमती प्रदेशप्रमुखको आग्रह

हेटौंडा, १३ असोज/बागमती प्रदेशका प्रमुख दीपकप्रसाद देवकोटाले सुत्केरी, बालबालिका, ज्येष्ठनागरिक र अपाङ्गता भएका नागरिकलाई उद्दारमा प्राथमिकता दिन आग्रह गरेका छन् । प्रदेशप्रमुख देवकोटाले आइतबार एक विज्ञप्ति जारी गर्दै विपद् प्रभावितलाई तत्काल उद्दार, राहत तथा स्वास्थ्य सेवा गर्ने क्रममा यी वर्गका नागरिकलाई विशेष प्राथमिकता राख्न आग्रह गरेका हुन् । उनले वर्षाका कारण प्रदेशभित्रका जिल्लामा क्षति पुऱ्याएको उल्लेख गर्दै उच्चसतर्कता अपनाउन अनुरोध गरे । प्रदेश मातहतका सम्बन्धित निकाय र सबै स्थानीय तहले आपतकालीन स्वास्थ्य टोली तयार राख्न, औषधि र आवश्यक सामग्रीको भण्डार सुनिश्चित गर्न, अस्पतालमा वैकल्पिक शैय्याको व्यवस्था गर्न, तथा पीडित प्रभावितको उपचारका लागि थप शैय्या उपलब्ध गराउन विशेष पहल गर्नु जरुरी रहेको उनले बताएका छन् । प्रदेशप्रमुख देवकोटाले वर्षा रोकिएपछि पनि हुनसक्ने भूक्षय र पहिरोबाट उच्चसतर्कता अपनाउन र सुरक्षित स्थानमा बस्न सबैलाई आग्रह गरेका छन् ।

### सिस्नेरी पहिरो

# बिपद्को पूर्वसूचनालाई बेवास्था गर्दा गम्भीर दुर्घटना

साझाकुरा संवाददाता

हेटौंडा, १३ असोज/ शनिवार बिहान ६ बजेको थियो । सिस्नेरीस्थित बत्सलादेवी माविको एन्फा एकेडेमीमा रहेका ४० जना बालकसहितको टोलीलाई सुरक्षित स्थानतर्फ जान भनियो ।

'त्यहाँबाट टेकर बजार तर्फ सुरक्षित स्थानमा हिँड्नु अघि सामान पोका पार्न भनिएको रहेछ । जाँदाजाँदै ९ जना माथि पुगेर उनीहरु जोगिए । बीचमा रहेका ६ जनालाई पहिरोले पुरेको थाहा पायौं । पछाडि रहेका अरु पनि बचेका थिए ।' फुटबल संघ मकवानपुरका कोषाध्यक्ष अमृत लुङ्बाले आइतबार जिल्ला खेलकुद विकास समितिमा सुनाए । पहिरोमै पुरिएर ज्यान गुमाएका हेटौंडा-१२ का अनुपम घलानको छिमेकीसमेत रहेका लुङ्बाकाअनुसार ७ जनाको टोलीमा रहेका एकजनालाई पहिरो खस्दा ढुंगा लागेर पनि ज्यान जोगाउन सफल भए ।

विगत ६ महिनादेखि सिस्नेरीमा नियमित फुटबल सिक्दै आएका ६ जना बालकको ज्यान मात्रै गुमेन, फुटबलर बनेर देशको लागि खेल्ने कलिलो सपना पनि चुडिँएको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाकाअनुसार सर्लाहीका १३ वर्षीय आदित्य बलमपाकी, काठमाडौं कलंकीका११ वर्षीय प्रियान्स आचार्य, मकवानपुर हेटौंडाका १४ वर्षीय अनुपम घलान, मकवानपुरगढी घरभएका १४ वर्षीय साईमन योञ्जन, बारा निजगढका १४ वर्षीय विकल रेग्मी र मकवानपुर सिस्नेरीका १४ वर्षीय दिवस बानियाँको पहिरोमा पुरिएर मृत्यु भएको हो ।

कुलेखानी जलविद्युत केन्द्रको जलाशय भरिएर जुनसुकै बेला ढोका खोल्नुपर्ने सूचना अघिल्लो दिन अर्थात् शुक्रबार अपरान्ह नै दिएको थियो । कुलेखानी प्रथम जलविद्युत केन्द्रको पत्राचारपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, इन्द्रसरोबर गाउँपालिका र जिल्ला प्रशासन कार्यालय मकवानपुरले शुक्रबार एक्साथ कुलेखानीको जलाशय भरिन लागेकाले जुनसुकै बेला ढोका खोलेर पानी छोड्नुपर्ने भन्दै तल्लो तटीयक्षेत्रमा सतर्कता अपनाउन अपिल गरेका थिए ।

अविरल वर्षाका कारण कुलेखानीको जलाशय भरिएर शनिवार बिहान करिब ५ बजे ढोका खोलियो । ढोका खोलेर पानी छोड्दा कुलेखानी खोलामा एक्कासी पानीको बहाब बढेपछि जलाशयबाट करिब ३ किलोमिटर तल रहेको बत्सलादेवी माविस्थित एन्फा एकेडेमीका फुटबल सिकिरहेका बालक, प्रशिक्षक र शिक्षक सुरक्षित स्थानतर्फ जान हतारिएका थिए ।

'उनीहरु बिहान ६ बजे नै सुरक्षित ठाउँ जाने भनेर निस्किएका रहेछन् । तलबाट माथि सुरक्षित स्थान खोजेर जान खोज्दा पहिरोले पुरिएर ६ जनाको मृत्यु भएको हो,' मकवानपुरका प्रहरीप्रमुख सीताराम रिजालले भने । कुलेखानीले अघिल्लो दिन नै तल्लो तटीयक्षेत्रमा उच्चसतर्कता अपनाउन सूचित गरेपनि कुलेखानी खोलासँगै जोडिएको बत्सलादेवी माविको एन्फा एकेडेमीका ४० जना बालकलाई रातभर विद्यालयमै राखिएको थियो ।

कुलेखानीले सूचना दिइर हँदा पनि बालकलाई सुरक्षित ठाउँमा नलगेको विषयमा विद्यालय व्यवस्थापन




समिति र अखिल नेपाल फुटबल संघ (एन्फा)को चर्को विरोध भइरहेको छ । एन्फाका पूर्वअध्यक्ष गणेश थापाले एन्फा र विद्यालयको चरम लापरवाहीले ६ जना निर्दोष किशोर खेलाडीको दुःखद निधन भएको बताए । थापाले निष्पक्ष छानबीन गरी दोषीमाथि कारबाही र पीडितलाई उचित क्षतिपूर्ति दिनुपर्ने उनको माग छ ।

हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नम्बरका वडाअध्यक्ष सविन न्यौपाने विद्यालय र एन्फाको लापरबाहीका कारण ६ जना कलिला बालकले ज्यान गुमाएको बताउँछन् । 'नेपाल विद्युत प्राधिकरणले सूचना प्रकाशन गरेर सचेत गराएको विषयलाई हतारमा भाग्नु पर्दैन भन्दै सूचना तोडमोड गर्ने जिम्मेवार व्यक्तिहरु र बेलैमा व्यवस्था नगर्ने एकेडेमीका सञ्चालकका कारण ठूलो क्षति भयो' न्यौपानेले भने । स्थानीय रमेश विडारीले विद्यालय व्यवस्थापन समितिको लापरबाही र बेवास्थाले घटना हुन पुगेको दाबी गर्छन् ।

कुलेखानीको सूचनालाई विद्यालय व्यवस्थापन समितिले बेवास्था गरेको पाइएको छ । विद्यालय व्यवस्थापन समितिले कुलेखानीको सूचनालाई बेवास्था मात्र नभई उल्टै जनमानसमा 'आतंकित' बनाउन खोजेको संज्ञा दिएको थियो । इन्द्रसरोबर गाउँपालिका-३, टेकर स्थित बत्सलादेवी माविको पछाडि कुलेखानी हुँदै बग्ने खोला छ । सिस्नेरी भिरालो क्षेत्र भएकाले खोला बेगमा बग्ने गर्दछ ।

शुक्रबार साँझ विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा एकेडेमीका संयोजकसमेत रहेका सुभाषचन्द्र ठकुरीले काठमाडौंमा बसेर कुलेखानीको सूचनालाई जनमानसमा 'आंतकित' पार्ने बताइरहेका थिए । ठकुरीले शुक्रबार साँझ कुलेखानीको सूचना आएपछि फेसबुकमा लेखेका थिए, 'निरन्तर वर्षा भइरहे पनि अझै भरिन बाँकी छ । अघिल्ला वर्षमा राख्दै आएको बोराको चाङ हटाएकोले ओफरफ्लो भई तल्लो तटीयक्षेत्रमा बग्ने छ । साइरन बजाउने, माइकिङ गर्ने सूचना पनि छ त । फेसबुके सूचना गरेपछि पुग्यो त ? जोखिम बढे सेना, प्रहरी सबै छन् त । सही सूचना मात्रै सम्प्रेषण गरौं ।' तर, उनले फेसबुकमा लेखेको यो सन्देश भने शनिवार नै हटाइसकेका छन् ।

सिस्नेरीका स्थायी बासिन्दा हाल काठमाडौं बस्दै आएका ठकुरी संविधानसभा सदस्य हुन् । उनी वर्षौंदेखि विद्यालयको अध्यक्ष छन् । उनकै पहलमा बत्सलादेवी माविमा (३० चैत २०८० मा) एन्फा एकेडेमी आएको थियो । ठकुरीले डाँडा खारेर करिब पाँच वर्षअघि विद्यालयको खेलमैदान सम्याएका थिए । एकेडेमीको सम्पूर्ण जिम्मेवारी लिएको अलिख नेपाल फुटबल संघ (एन्फा)ले पनि कुलेखानीको सूचनालाई बेवास्था गरेको देखिन्छ ।

विद्यालयका अध्यक्ष ठकुरीले कुलेखानीको सूचनालाई गलत ठहराउँदै विद्यालयबाट बालकलाई सुरक्षित स्थानतर्फ लान नखोजेको घटनाक्रमले देखाउँछ । यसबारेमा प्रतिक्रिया लिन खोज्दा फोन सम्पर्क हुन नसकेको ठकुरीले आज आइतबार बिहान सामाजिक सञ्जालमा लेख्दै पूर्वतयारीबिना इन्द्रसरोबर तालको पानी खोल्दा पीडादायी घटना व्यहोर्नु परेको बताए । इन्द्रसरोबर गाउँपालिकाले पनि शुक्रबार सूचना जारी गर्दै २ र ३ नम्बर वडामा सतर्कता अपनाउन भनेको थियो ।

कुलेखानी प्रथम जलविद्युत केन्द्रका प्रमुख तारादत्त भट्टले शुक्रबार र शनिवार बिहान ४ बजे जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, स्थानीय तहलाई जानकारी गराएर मात्रै ढोका खोलिएको बताए । 'हामीले जुनसुकै बेला खोल्न सक्ने बारे अघिल्लो दिन नै जानकारी गराइसकेका थियौं । बिहान पनि जानकारी गराएर खोलिएको हो । सतर्कता अपनाउन भनेका थियौं ।' कुलेखानी प्रथम जलविद्युत केन्द्रका प्रमुख भट्टले भने ।

इन्द्रसरोबर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले आफूलाई घटना भएको मात्रै थाहा भएको तर, कसको लापरबाहीले घटना हुन पुगेको भन्नेबारे जानकारी नभएको प्रतिक्रिया दिए । 'म यो केही कुरा जान्दिन । के-के गरेको हो मलाई थाहा छैन । म एउटा बोल्छु, अध्यक्षले बोलेपछि अप्ठेरो पर्छ,' उनले भने, 'मान्छे मरे दुःखद् भयो । त्यहाँ के-के भयो भनेर खोजतलास गर्नुपर्छ ।' आफू त्यहाँ (घटनास्थल) सम्म पुग्न नसकेकोले केही थाहा पाउन नसकेको उनको भनाई थियो । पुडासैनी नेकपा एमालेबाट निर्वाचित अध्यक्ष हुन् । ठकुरी पनि एमालेका नेता हुन् ।

आइतबार महाराजगंज स्थित शिक्षण अस्पताल पुगेका मृतक बालकका परिवार तथा आफन्तजनले घटनाको निष्पक्ष छानबीन हुनुपर्ने, दोषिमाथि कारबाही गरिनुपर्ने, मृतकका परिवारलाई क्षतिपूर्ति दिइनुपर्ने माग राख्दै नाराबाजी गरेका थिए । यो माग पूरा नभएसम्म शब नबुझ्ने चेतावनी उनीहरुले दिएका छन् । आइतबार दिनभरि नै शिक्षण अस्पताल महाराजगंज तनावग्रस्त बनेको थियो ।

# कुलेखानी जलाशयको बाँधका ढोका बन्द गरिए

साझाकुरा संवाददाता

हेटौंडा, १३ असोज/ कुलेखानी जलाशयको बाँधका दुवै ढोका बन्द गरिएको छ । जलाशयमा पानीको सतह स्थिर बनेपछि शनिबार रातिबाट बाँधका दुवै ढोका बन्द गरिएको हो । कुलेखानी प्रथम जलविद्युत आयोजनाका प्रमुख तारादत्त भट्टका अनुसार कुलेखानीमा हाल १ हजार ५२८ मिटर पानीको सतह मापन गरिएको छ ।

पानीको सतह बढ्ने दर कम भएपछि बाँधका ढोका बन्द गरिएको उनले बताए । अविरल वर्षाका कारण कुलेखानी जलाशय भरिएपछि शनिबार बिहान ५ बजेबाट बाँधका २ वटा ढोका खोलिएको थियो । ढोका खोलेर जलाशयको पानी निकासा गरेको १२ घण्टापछि दुवै ढोका बन्द गरिएको हो ।

हाल कुलेखानीमा प्रतिघण्टा ३ सेन्टिमिटरका दरले पानीको सतह बढिरहेको उनले बताए । कुलेखानीका ३ वटै विद्युत् गृहबाट विद्युत् उत्पादन गरेर जलाशयमा पानीको सतह बढ्न नदिएको उनले बताए । शनिबार साँझ १० सेन्टिमिटर प्रतिघण्टाको दरले बढेको कुलेखानी जलाशय हाल वृद्धिदर घटिरहेको उनको भनाई छ । नेपाल विद्युत् प्राधिकरणको 'व्याकअप' मानिने कुलेखानी जलाशयबाट ६० मेगावाट कुलेखानी प्रथम, ३२ मेगावाट कुलेखानी दोस्रो र १४ मेगावाट कुलेखानी तेस्रो जलविद्युत आयोजना सञ्चालनमा रहेको छ ।

'अहिले ३ वटै आयोजना नियमित चलाइएको छ । पानीको सतह बढी हुँदा नियमित गर्ने योजना



नै थियो । तर, अहिले अपर तामाकोशी जस्ता ठुला आयोजनाको विद्युत् उत्पादन बन्द हुँदा कुलेखानी नियमित चलाउनुपरेको छ । हाल जलाशयमा पानीको सतह ३ सेन्टिमिटर प्रतिघण्टाको दरले बढिरहेको छ । वर्षा रोकिएको र आयोजना सञ्चालनबाट जलाशयमा पानीको सतह वृद्धिदर कम भएकाले बाँधका ढोका बन्द गरिएको हो' उनले भने ।

शनिबार बिहान कुलेखानी जलाशय भरिएर १ हजार ५३१ मिटर पुगेको थियो । कुलेखानीमा १ हजार ५३० मिटर मात्र पानी संकलन गर्ने क्षमता रहेको छ । क्षमता भन्दा बढी पानी भरिएपछि जलाशय स्वतः ओभर फ्लो हुने गर्दछ । ओभरफ्लो भएपछि कुलेखानी जलाशयको २ वटा ढोका शनिबार दिनभर ४ मिटरसम्म खोलिएको थियो ।

आकर्षक जग्गा बिक्रीमा

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कट्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३४

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

कार वास भित्र/बाहिर
वायरिङ मर्मत
मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल सम्पर्क नं.: ०५७-५९०३३३

HetaudaCityCollege.edu.np

ADMISSION OPEN



" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS

Register Now

HETAUDA CITY COLLEGE (Affiliated to TU)
Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

साझाकुरा

## हाम्रो कुरा

# सरकारको नजरमा नागरिक

आम नेपालीले सरकारको अनुभूति गर्न पाउनुपर्ने समयमा सरकार निरीह बनिदिन्छ । सरकार र राजनीतिक नेतृत्वले देश तथा जनताप्रति जिम्मेवारी बोध गरेको अनुभूति गर्न पाइएको छैन । अहिले राट्रिय बिपद्को समय हो । बिपद्को सामना गर्न सरकारले दीर्घकालीन र अल्पकालीन योजनामा युद्धस्तरमा काम गर्नुपर्ने छ । सम्बन्धित प्रशासनिक अधिकारीलाई आवश्यक स्रोतसाधनसहित कामगर्ने वातावरण बनाइदिनुका साथै ढिलासुस्ती वा हेलचेक्र्याइँको अवस्थामा कारबाहीको भागिदार पनि बनाउनुपर्छ । आकस्मिक बिपद् आइलागेर बाटामा अलपत्र परेकादेखि पहिरोमा घर पुरिँदा उम्केर बाँचेकालाई उनीहरु स्वयंले नियमितरुपमा दैनिक गुजारा चलाउने व्यवस्था मिलाउने समय नहुँदासम्म बस्ने, खाने र बालबालिका विद्यालय जाने प्रबन्ध मिलाउन तीनै तहका सरकारले प्राथमिकता दिनुपर्छ । आकस्मिक सहायता र उद्धारका समयमा सरकारले साच्चै तदारुकता देखाओस् । यहाँ समस्या तीनै तहका सरकारले जिम्मेवारी नलिएकै कारण सृजना भएको छ । स्थानीय सरकार आफूसँग स्रोतसाधन नभएको भन्दै संघीय सरकारको मुख ताक्ने र संघीय सरकार स्थानीय सरकारको जिम्मेवारी हो भनेर पन्छिने प्रबृत्तिको विकास भएको छ । यतिबेला बिपद्पीडितलाई स्वच्छ खानेपानी र आकस्मिक उपचार, तत्कालका लागि खाद्यान्नको प्रबन्ध मिलाउनुपर्छ ।

बाढीका कारण अवरुद्ध सडकहरु खोल्ने, पीडितसँगको सहकार्यमा पुन:स्थापना योजना बनाउनेदेखि यो भयावह विपत्ति निम्त्याउने कारण पहिल्याएर रोकथामका लागि कदम चाल्न राजनीतिक सहमति पनि आवश्यक पर्छ । राजनीतिक दलले यतिबेला मेरा मतदाता होइनन् भनेर आँखा चिम्लने प्रबृत्ति छ । अवरुद्ध भएका सडक तत्काल संचालनमा ल्याएर जनजीवन सहज बनाउने काममा सरकारको जवाफदेहिता चाहियो । मुलुकको राजधानी सहर काठमाडौं जोड्ने सबै सडकमार्ग अबरुद्ध भएका छन् । काठमाडौंमा तरकारी अभाव भइसकेको छ । बिगतका दिनमा पनि काठमाडौंमा प्रबेश गर्ने मुख्य राजमार्ग अबरुद्ध भएपछि बैकल्पिक मार्गका बारेमा बहस हुने गरेको थियो । तर, यो पटक बैकल्पिक मार्गका बारेमा बहस सुरु भएको छैन । असारे र डोजरे विकासबाट ग्रामीण क्षेत्रमा बनाइएका सबै सडक यतिबेला बन्द भएका छन् । बाढीपहिरोका कारण हेटौंडा-काठमाडौं जोड्ने लामो तथा छोटा दूरीका सबै मार्ग बन्द भएका छन् । हेटौंडाबाट काठमाडौं आउने कान्तिलोकपथ, राजधानी मार्ग (भीमफेदी-कुलेखानी-सिस्नेरी-दक्षिणकाली-काठमाडौं), कुलेखानी-फाखेल-काठमाडौं, कुलेखानी-मातातीर्थ-काठमाडौं र त्रिभुवन राजपथ पहिरोले अवरुद्ध भएका छन् । सडक विभागले विभागको पहिलो प्राथमिकता बन्द रहेका सडक खुलाउने बताएको छ । पानी परिरहेको बेला पहिलो ध्यान मानवीय उद्दार र राहतमा भयो, अबको प्राथमिकता सडक खुलाउन हुने बताइएको छ । भीमफेदी गाउँपालिका र बागमती गाउँपालिकामा रहेका दुईवटा बागमती पुलसँग जोडिएको सडक बगाउँदा तीन जिल्लाको सम्पर्क टुटेको छ ।

वर्षाका कारण बागमती गाउँपालिका-४, स्थित पाँचपाण्डबमा रहेको बागमती पुलको दक्षिणतर्फको सडक र भीमफेदी गाउँपालिका-८ इपास्थित बागमती पुलसँग जोडिएको १० मिटर सडक बागमती नदीले बगाएको हो । कुलेखानी जलाशयको ढोका खोल्दा बागमती नदीमा आएको भिषण् बाढीले भीमफेदीस्थित पुलमा क्षति पुर्‍याएको छ । बागमती गाउँपालिकाको पुलको सडक बगाउँदा मकवानपुर-सिन्धुली र भीमफेदीको बागमती पुलको सडक बगाउँदा मकवानपुर-ललितपुरको यातायात सम्पर्क टुटेको हो । यी दुवै पुलको सडक बगाउँदा धरान-चतरा-हेटौंडा (मदन भण्डारीमार्ग) र कान्तीलोकपथ सडकखण्ड पूर्णरुपमा अवरुद्ध भएको छ । पहिरोका कारण हेटौंडा काठमाडौं जोड्ने छोटा मार्गहरु अवरुद्ध भएका छन् । मकवानपुरको भैंसे, जुरिखेतमा पहिरो जाँदा र कुलेखानी जलाशय नजिकैको हेभीस्थित पक्की पुल बगाउँदा हेटौंडा-काठमाडौं जोड्ने सडक खण्डहरु अवरुद्ध बनेका छन् । यसैगरी, बर्षाको कारण मकवानपुरको बकैया गाउँपालिका-१० घट्टेखोला नजिकै रहेका १० वटा घरहरु बागमती खोलाको पानीको बाहाव बढेको कारण उच्चजोखिममा रहेको छ । अबको चुनौती भनेको जनजीवन सामान्य बनाउने नै हो । यसका लागि तीनै तहका सरकार सम्बेदनशील बन्नै पर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज १५ गते मंगलबार १ अक्टोबर २०२४ । चतुर्दशी, आश्विन कृष्णपक्ष । ञलागा ११४४ ने.सं. । सूर्योदय ५:५७, सूर्यास्त ५:४८ । अन्तर्राष्ट्रिय वृद्ध-वृद्धा दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा फाइदा मिल्नेछ | तुला | : प्रतिष्ठित काम पाइनेछ |
| वृष | : इनाम हात पर्नेछ | वृश्चिक | : सामाजिक दायित्व बढ्नेछ |
| मिथुन | : श्रम खेर जानेछ | धनु | : काममा सहयोग मिल्नेछ |
| कर्कट | : पढाइमा प्रगति हुनेछ | मकर | : अनावश्यक खर्च हुनेछ |
| सिंह | : उत्साहमा कमी आउनेछ | कुम्भ | : चिताएको काम बन्नेछ |
| कन्या | : आफन्तबाट धोका हुनेछ | मीन | : नसोचेको फाइदा पाइनेछ |

# अनिश्चयको भुमरीमा देशको शासन व्यवस्था



✍ बालकृष्ण मैनाली

केहीलाई छोडेर कष्टकर जीवनयापनबाट गुज्रिरहेका देशका जनताको मुहार दुईपटक अलि खुशीले चम्केको अनुभूति गरिएको थियो । पहिलो संविधानसभाको निर्वाचनमार्फत जुनसुकै राजनीतिक व्यवसायीले राज्यको स्रोतमा कब्जा जमाए पनि निर्वाचनपश्चात् कम्तीमा देशमा देखा परिहेको द्वन्द्वको अन्त्य हुन गई सुशासनको प्रत्याभूति स्थापित हुनेछ भन्ने मान्यताबाट अभिप्रेरित हुनु र विद्रोही पक्षमा दरिएका तत्कालीन माओवादी र सरकारबीच भएको शान्ति सम्झौताले जनताको मुहारमा पहिलो खुशी छचल्किएको थियो । द्वन्द्वलाई विसर्जन नै गर्ने उद्देश्यले जनताले त्यतिबेला संविधानसभाको निर्वाचनमा द्वन्द्वरत पक्षहरुलाई पनि राम्रै मत दिई द्वन्द्वलाई शान्तिमा रुपान्तरण गर्न मनग्गे सहयोग गरेका थिए ।

त्यो अवधि भनेको राज्य जनप्रतिनिधिविहीन बनेको बीसौं वर्ष पुगिसकेको अवस्था थियो । तत्कालीन सरकार भए तापनि जनताबाट निर्वाचित भएका थिएनन् र पुरानै निर्वाचनको सुगा रट लगाएर केही राजनीतिक व्यवसायीहरुले र कर्मचारीहरुले राज्यको स्रोतमा हालिमुहाली चलाइरहेका थिए । यस अवस्थामा बीस वर्षपछि भए पनि सबै तहमा निर्वाचनमार्फत जनप्रतिनिधिहरु पुगेपछि अब सार्थक सम्बोधन हुने आशामा दोस्रोपटकको खुशीले जनतालाई साथ दिएको थियो । विडम्बना, आज संघीय, प्रदेश र स्थानीयमा दुई-दुईपल्ट निर्वाचनको माध्यमबाट विभिन्न नाम चलेका, नचलेकासमेतलाई राम्रो भनेर आशा गरेका व्यक्तिहरु जनप्रतिनिधिको रुपमा छानेर विभिन्न पदमा आसीन गराउँदासमेत जनतामा आशाभन्दा निराशाको प्रतिशतले नै बाजी मार्न पुग्यो ।

अन्ततोगत्वा जनताले त्यसरी साथ दिँदा पनि राजनीतिक व्यवसायीहरुका आपसी द्वन्द्वले कहिल्यै निकास पाएन । राज्यमा रहेको स्रोतमा कसरी कब्जा जमाउने भन्ने ध्यानमै राजनीतिक व्यवसायीहरुको महत्वपूर्ण समय खेर हुन पुग्यो । मिलिजुली सरकारको नाउँमा होस् वा बहुमतको सरकारको नाउँमा होस् वा दुई तिहाइका नाउँमा होस्, जनताका वास्तविक समस्याले आजसम्म आइपुग्दा सार्थक सम्बोधनले प्रश्रय नै पाउन सकेन । सके दुई तिहाइ, नसके एउटै राजनीतिक दलका व्यवसायीहरुलाई राज्यको स्रोत चलाउने स्थानमा पुर्‍याइदेऊ भनेर रोइकराइ गर्न थालेपछि लौन त गर्छौ भने गर भनेर बहुमत मात्र होइन राजनीतिक दलका व्यवसायीहरुलाई पुग्ने गरी दुई तिहाइभन्दा बढी नै थमाइदिए पनि देशलाई उँभो गतितिर लानुपर्ने ठाउँमा स्वार्थमा लिप्त भई देशलाई अधोगतितिर डोर्‍याउँदै लगे, जुन वर्तमानमा पनि जारी नै छ । यसरी माया गर्ने मतदाताहरुलाई राजनीतिक दलका व्यवसायीहरुले दुई तिहाइ वा बहुमत वा आफ्नो दलको धरै मत प्राप्त गरेको कुरालाई मात्र आत्मसात् गरी आफ्नो र आफ्ना वरिपरिका देखिन पुगेका रुचिका विषयलाई मात्र सम्बोधन गर्दै आफ्नो समय व्यतीत गरिरहेका छन् ।

सबै स्थानको दुई-दुईपल्टसम्म सम्पन्न निर्वाचनपश्चात् आजको अवधिसम्म आइपुग्दा राजनीतिक दलका व्यवसायीहरुले पटक-पटक फलाक्ने गरेका भाषण र भनाइलाई अब जनताले छलकपटको भाषणको रुपमा लिन थालिसकेका छन् । यदि राजनीतिक दलका व्यवसायीहरुले विभिन्न समयमा छद्मभेषीरुपमै प्रतिबद्धता जनाएको भए तापनि आफूले प्रतिबद्धता जनाएको वा जनतासँग गरेका बाचाहरुलाई केही प्रतिशत मात्रै भए पनि आफ्नो प्रतिबद्धतालाई पूरा गरेका हुन्थे भने राजनीतिक व्यवसायीहरु जनताको नजरमा यसरी कसिँगरको रुपमा देखा पर्ने नै थिएनन् । वर्तमानमा पनि राजनीतिक व्यवसायीहरुले विभिन्न समयमा प्रतिबद्धता जनाएका कुनै पनि कुरा उनीहरुको बाँकी कार्यकालमा पूरा हुने कुनै लक्षण पनि देखिएको छैन । नेतृत्वले जति ढुक्क हुनुहोस्, ढुक्क हुनुहोस् भनेर फलाके पनि जनमतले ढुक्क हुने समय घर्किसकेको आभास पाइसकेका छन् । तत्काल सरकारको आयु गणितीय हिसाबले जति समय देखिए तापनि वास्तविक आयु कति समय होला भन्ने अनुमान स्वयं राजनीतिक व्यवसायीले लाउन सकेका छैनन् । जब-जब निर्वाचन नजिक आउँदै जान्छ तब-तब राजनीतिक व्यवसायीलाई कहाँ र कताको टिकट दिने, मलाई अथवा फलानोलाई टिकट नदिएमा वा विजयी बनाउन भूमिका नखेलेमा कसरी अन्तर्घात गर्ने, कुन औजार प्रयोग गरेर आफैंभित्रका विरोधी र प्रतिस्पर्धीलाई पाखा लगाउने भन्ने खेलमै बित्छ । अहिले पछिल्लोपटक आएर सफाइ र आरोपको लडाइँ चल्न थालेको छ । सहकारी विवादलाई अध्ययन गर्दा देशलाई शासकहरुले कस्तो अवस्थामा पुर्‍याएका रहेछन् भन्ने कुरा छर्लंग भएको छ । दैनिक ज्यलादारी गरेर वा खाई नखाई आफ्नो पेट काटेर, छोराछोरी तथा परिवारका सदस्यको तत्कालको इच्छा मारेर भए पनि भविष्यमा केही काम लाग्ला भनी जम्मा गरेको रकम थरी-थरीका राजनीतिक व्यवसायीहरुले मिल्ने नमिल्ने सबै किसिमका आर्थिक फाइदालाई आफ्नो पोल्टामा हाल्न भ्याएका रहेछन् भन्ने कुरा छर्लंग भएको छ ।

दुई तिहाइ दुई तिहाइ भन्दै नानाथरीको जनतालाई भ्रम छरेर जनतालाई मूर्ख बनाई प्राप्त गरेको सत्ताले जनताको समस्या सम्बोधन गर्नु त कता हो कता, त्यसको उल्टो झन् बेथिति र भ्रष्टाचारका कहाली लाग्दा कार्यहरुमा सहभागी भई जनमतमाथि ठूलो विश्वासघात गर्न पुगेका छन् शासकहरुले । उनीहरुका कुकृत्यहरु जनतासामु दिनानुदिन उदांग हुँदै आएका छन् । विभिन्न बेथिति र आँकलन गर्नै नसकिने गरी भइरहेको भ्रष्टाचारविरुद्ध सार्थक सम्बोधनका लागि इमानदारीपूर्वक सार्थकको स मात्र पनि अगाडि सारिएको छैन । विभिन्न दलीय आवरणमा भएका कर्तुतहरु छ्यालब्याल हुँदा पनि ठूला कहलिएका राजनीतिक व्यवसायीहरुका आवरणमा स्वयं र उनीहरुको छत्रछायामा रहेकाहरुलाई धमाधम पुरस्कृत गर्दै जाने परम्पराको विकास हुन पुगेको छ ।

यस मानेमा पनि सरकारले अब सार्थक सम्बोधन गर्ला र हामी जनता खुशीयाली मनाएर सरकारलाई धन्यवाद दिँदै नाचौंला भन्ने कल्पना नगर्दा हुन्छ । यस अर्थमा अब कुनै सालको मिसन होइन, तत्काल सबै अंगहरुमा व्याप्त बेथिति, भ्रष्टाचार र कुशासनको विरुद्ध धावा बोल्न सक्ने निष्पक्ष र निडर व्यक्तिहरुको समूह खडा गरी स्वतन्त्र नागरिक सरकारको परिकल्पना गर्दै दैनिक आन्दोलनमा होमिनुको विकल्प देखिँदैन । यो पक्का जनकेन्द्रित विषय हो कि अब जनताले स्वतन्त्र नागरिक सरकारको खोजी गर्नुपर्ने अवस्था आइसकेको छ । कुनै पनि राजनीतिक व्यवसायी दलसँग आबद्धता नभएका अथवा भएका भए पनि दलीय दुश्चक्रको कारण कम्तीमा पाँच वर्षअगाडिदेखि दल त्याग गरी आफ्नो स्वतन्त्र जीवनयापन गरिरहेका अन्य मूर्धन्य स्वतन्त्र नागरिकका हिमायतीहरुको समूहले अबको सत्ता सम्हाल्नुपर्दछ भन्ने मान्यतामा जनजन पुगिसकेका छन् ।

सरकार आफैंले भनोस् न, के सरकार अहिलेको बेथिति अन्त्य गर्न सक्षम छ ? यदि छ भने सरकारले देशमा देखिइरहेको गम्भीर खालको कुनै विषयमा मात्र आफ्नो खाका प्रस्तुत गरेर सार्वजनिक गरोस् । उदाहरणको लागि प्रत्येक वर्ष महालेखाले देखाउने गरेको बेरुजुमा र विभिन्न अनियमिततामा संलग्न विभिन्न सरोकारवालाहरुलाई कानुनी कार्यवाहीको दायरामा ल्याउन सक्छ ? मुखले र भाषणले जतिपटक ढुक्क हुनुहोस्, ढुक्क हुनुहोस् भने पनि जबसम्म बेथितिको अन्त्यको लागि आफैँबाट शुरुवात गरिन्न, तबसम्म यसले राम्रो सम्बोधनको आकार ग्रहण गर्नै सक्दैन । जो कुनै व्यक्तिले म मुखमा पानी कहिल्यै राख्दिन भने तापनि अथवा जस्तो बिरामी भए पनि औषधि लिन्न भने तापनि घाँटीमा अड्केको वस्तु निल्न कि त पानीको आवश्यकता पर्छ, कि त घाँटीमा अड्केको वस्तु गलाउने औषधिको आवश्यकता पर्छ भन्ने कुरा जनजनलाई जानकारी छ । यस मानेमा आफूले आफूलाई जनजनसमक्ष आत्मसमर्पण गर्नुजस्तो कार्य फलामको चिउरा चपाउनुसरह नै हुन्छ, किनकि भ्रष्टाचारको विषयमा कुनै आफन्तलाई वा आफूलगायत आफ्नो वरिपरिकालाई छिरिक्क छुनासाथ आफ्ना, आफन्त, सहयोगी, कार्यकर्ता, कमिसन हर्ताकर्ता सबै झिरिप्प हुने भएकोले यो विषयमा तत्काल सम्बोधन गर्न आँटै गर्न सक्दैनन् । पछिल्लो सहकारीलगायत अन्य देखिन पुगेका विभिन्न दुष्कृतिहरुले पनि यसै कुराको पुष्टि गर्दछ ।

देशमा सशस्त्र द्वन्द्वकालीन मुद्दाका केही अंश अझै संक्रमणकालीन अवस्थामा जीवितै रहेको कुरालाई सम्बोधन गर्ने प्रयासको थालनी भएकोमा सरकार धन्यवादको पात्र बने तापनि त्यसले कहिले सार्थकता पाउने हो भन्ने कुरा अझै अनिश्चित नै छ । सशस्त्र द्वन्द्वबाट राज्य रुपान्तरण भएको भन्ने कुराको जति व्याख्या गरिए तापनि त्यसको फलिफाप केही वर्ग र राजनीतिक व्यवसायीहरु अनि तिनका आसेपासेदेखि बाहेक सम्पूर्ण पीडित जनताको हितमा सार्थक सम्बोधन हुन सकेको छँदै छैन । सँगसँगै के कुरा पनि साँचो हो भने, सशस्त्र द्वन्द्वका समयमा दुवैतर्फबाट साना-ठूला गल्ती भएकै हुन् । त्यो सशस्त्र द्वन्द्वकालीन सम्बन्धित नायकहरुलाई पनि थाहा छ र सशस्त्र द्वन्द्वका बीचमा जो-जो सरकारमा पुगे, ती राजनीतिक व्यवसायीहरुका प्रत्येक सदस्यहरुलाई ज्ञात: छ ।

तिनीहरु सबैले आ-आफ्ना गल्ती कसरी छोप्ने र अर्को पक्षलाई मात्र दोष कसरी थोपर्न सकिन्छ भन्ने अभियानमा लागेको कारणले नै अझसम्म यो विषयको सम्बोधनमा बाधा उत्पन्न भइरहेको छ । विगतमा नियुक्त भएका पदाधिकारीहरुले समेत दबाबमा काम गर्न नसक्नुको कारण पनि यही नै हो । वर्तमानमै पनि सत्यनिरुपण तथा बेपत्ता छानबिन आयोगमा पदाधिकारी खाली भएको धेरै समय भइसकेको छ । त्यहाँ आवश्यक पदाधिकारी नियुक्त हुने आजको दिनसम्म कुनै सुरसार छैन । सुरसार भइहाले पनि कसको भागमा को-को पर्ने भन्ने बखेडा निस्कन बाँकी नै छ । निस्केको बखेडा साम्य नभएसम्म यसको सम्बोधन हुने देखिँदैन । नियुक्तिपश्चात् पनि सम्बोधन गर्ने क्रममा भागमा परेकाहरुले आ-आफ्नो भाग्य विधाताहरु दोषी देखिन आएमा त्यसलाई ढाकछोप गर्न लागिपर्ने कुरामा सन्देह देखिँदैन । यी विविध कारणले गर्दा द्वन्द्वपीडितको समस्या सार्थकरुपमा सम्बोधन हुने कुरामा सन्देह नै छ ।

भ्रष्टाचार र संक्रमणकालीन विषयले देश संसारमा बदनाम भइरहेको छ । वर्तमान अवस्थामा बढ्दो अन्तर्राष्ट्रिय दबाबलाई पनि गतिलो जवाफ दिने हो भने हाम्रो समस्या हामी आफैं समाधान गर्न सक्षम छौं भनेर सन्देश प्रवाह गरिनुको विकल्प छँदै छैन । स्वास्थ्य र उमेरको कारणले यो आलेखकर्ताको यो आलेख नै अन्तिम आलेख भएको स्मरण गराउँदै आगामी २०८१ सालको दशैंको उपलक्ष्यमा सबै शुभेच्छुक तथा आलोचकहरुमा हार्दिक मंगलमय शुभकामना !

*(साभार: न्यूज अफ नेपाल)*

# देउवा-शेखर गठजोडले झस्किएको इतरसमूह

✍ शिव लम्साल

कांग्रेस सभापति शेरबहादुर देउवाले १५औं महाधिवेशन एक वर्ष पर सार्लान् कि समयमै सम्पन्न गर्लान् ? यो चासोको विषय बनेको छ । के उनी विधान संशोधन गरेर फेरि सभापति बन्लान् ? या, इमानदारीपूर्वक निर्धारित समयभित्र महाधिवेशन सम्पन्न गराएर अर्को पुस्तालाई नेतृत्व हस्तान्तरण गर्लान् ? नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताबिच यस्ता प्रश्न उठिरहेका रहेका छन् । अर्को कुरा, आउँदो महाधिवेशनमा सभापति देउवाले कसलाई साथ लिएर हिँड्दै छन् भन्ने कुराले महत्त्व राख्नेछ । उनी आफू इच्छुक नभए पनि पत्नी आरजु राणालाई पार्टीभित्रको व्यवस्थापनलाई मध्यनजर गरेर अर्को पक्षसँग सहकार्य गर्नेछन् । अहिले उनको कसैप्रति स्पष्ट समर्थन नदेखिए पनि वरिष्ठ नेता डा. शेखर कोइराला वा पार्टी महामन्त्री गगन थापामध्ये एक जनालाई साथमा लिएर जाने देखिन्छ ।

अझ स्पष्ट भाषामा भन्नुपर्दा १४औं महाधिवेशनका आफ्ना प्रतिस्प्रर्धी डा. शेखर कोइरालालाई साथमा लिएर जानेमा उनी विश्वस्त देखिन्छन् । किनभने, शेखर कोइरालाको नेतृत्वमा उनलाई पत्नी आरजु राणा लगायत आफ्ना टिमका सिनियर नेता अटाउन सजिलो हुनेछ । देउवाले गगन थापालाई साथमा लिएर गए भने पत्नी आरजु राणाको त व्यवस्थापन होला, तर उनीसँग रहेका सिनियर नेताहरूको व्यवस्थापन भने निकै कठिन हुनेछ ।

देउवा टिमका सिनियर नेताहरू शेखर समूहमा आउने र देउवा एक्लिने सम्भावना उत्तिकै छ । नेपाली कांग्रेसको १५औं महाधिवेशनमा देउवा पुन: पार्टी सभापतिका लागि उम्मेदवार बन्न नपाउने विधानमा व्यवस्था छ । विधान अनुसार लगातार दुई कार्यकालभन्दा बढी सभापति बन्न पाइँदैन । ७८ वर्षीया देउवाको कार्यकाल २०८२ मंसिरसम्म मात्र हो । देउवालाई जान्ने-बुझ्नेहरू भन्छन्, सभापतिका लागि पार्टीमा जति धेरै दाबेदार भए, देउवालाई उति फाइदा हुन्छ । किनकि ती हरेक दाबेदारलाई खेलाइखेलाई उनले राजनीतिमा आफ्नो आगामी स्वार्थ स्थापित गर्न सक्नेछन् ।

ओलीले धोकाधडी गरेनन् भने सर्तबमोजिम चुनाव गराउने सरकारमा देउवा प्रधानमन्त्री भइहाल्नेछन् । पार्टीभित्र पनि अब यो मामिलामा कुनै विवाद देखिँदैन । सभापति नहुने भएपछि राजनीतिमा अब देउवाको चाहना या स्वार्थ के होला त ? यसको एउटै जवाफ हुन्छ– पार्टी र सत्ता राजनीतिमा पत्नी आरजु राणाको उचित व्यवस्थापन ।

**सत्ताका चतुर खेलाडी देउवा**

सभापति देउवा झट्ट हेर्दा चतुर राजनीतिज्ञजस्ता देखिँदैनन् । उनी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल या एमाले अध्यक्ष केपी ओलीजस्ता भाषणबाज पनि होइनन् । हरेक दिनजसो टेलिभिजन या युट्युब च्यानलमा अन्तर्वार्ता दिँदै हिँड्ने र विरोधीमाथि आरोप वा प्रत्यारोप गर्ने खालका 'मुखाले' नेता पनि होइनन् । सामान्य, सोझा र सरलजस्ता देखिने देउवा राजनीतिक चातुर्य र कूटनीतिमा भने माहिर छन् । प्रतिकूल परिस्थितिलाई पनि आफ्नो अनकूल बनाउन सक्ने अद्भुत कला उनीमा देखिन्छ र त उनी बारम्बार सत्ता राजनीतिमा हाबी हुँदै आएका छन् । १४औं महाधिवेशनमा कृष्ण सिटौलालाई आफ्नो पक्षमा ल्याए । आफ्नैविरुद्ध खडा भएका रामचन्द्र पौडेल र डा. शशांक कोइरालाको समेत समर्थ हासिल गरे । आफूलाई चुनौती दिने इतरसमूह का प्रकाशमान सिंहदेखि विमलेन्द्र निधिसम्मलाई उनले आफ्नै पक्षमा ल्याए ।

पार्टी सभापति भएपछि देउवाले इतर पक्षलाई या सन्तुलनमा ल्याउने या यसका नेतालाई 'मिल्न नदिने' चातुर्य देखाउँदै आएका छन् । देउवाले आगामी महाधिवेशनमा सभापतिको उम्मेदवार नबन्ने सार्वजनिक रूपमा घोषणा गरेयता देउवा र डा. शेखर कोइरालाको दूरी घटेको छ । सभापतिका प्रबल दाबेदार शेखर पनि देउवाको साथ र समर्थनको अपेक्षा गरिरहेका छन् । सभापति देउवाले पनि शेखरप्रति उदार भाव दशाईरहेका छन् भन्ने उदाहरण हो, कोइराला समूहबाट धनराज गुरुङलाई कानुनमन्त्री र डिकबहादुर लिम्बुलाई खेलकुदमन्त्री बनाइनु । यही निकटताका कारण देउवा र र शेखर सार्वजनिक समारोहमा एक साथ सहभागी हुन थालेका छन्, जुन केही समय अघिसम्म असम्भव मानिन्थ्यो । पार्टी केन्द्रीय कार्यालयमा शेखरको बेग्लै कार्यकक्षको व्यवस्था मिलाइएको छ । देउवा र शेखरबिच केही समययता खासै तिक्तता देखिँदैन ।

शेखरसँग देउवाको यस्तो निकटताको सोझो असर महामन्त्री गगन थापालाई पर्ने नै भयो । शेखरको सहयोगमा आफू सभापति बन्ने ताकमा रहेका महामन्त्री थापाले देउवा-शेखर निकटतापछि नै आक्रोशका स्वर उराल्न थालेको देखिन्छ । संसददेखि सार्वजनिक समारोहमा महामन्त्री थापाले कांग्रेस-एमाले गठबन्धनको सरकार र आफ्नै नेतृत्वविरुद्ध कटाक्ष गर्न थाले । उनी आक्रामक देखिए । आफूविरुद्ध आक्रामक भएका महामन्त्री थापालाई थुमथुम्याउन अचेल सभापति देउवाको निकै जोडबल देखिन्छ । राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने संलग्न भएको सहकारी ठगी प्रकरणबारे सार्वजनिक रूपमा बोल्दै देउवाले 'हाम्रा महामन्त्रीले भनेको ठिकै रहेछ, रवि त चलाख रहेछन्'सम्म भने । यसैगरी महामन्त्री थापाले भने अनुसार नै पार्टीले धेरै महत्त्वपूर्ण निर्णय गरेको छ । महामन्त्री थापालाई फकाउने, आक्रामक बन्न नदिने देउवाको दाउ हो ।

सभापतिका अर्का दाबेदार डा. शशांक कोइरालालाई पनि सभापति देउवाले उपेक्षा गर्ने कुरै आएन । १४औं महाधिवेशनमा आफूलाई साथ दिएका शशांकलाई पनि देउवाले आफू निकट नै राखेका छन् । गएको महाधिवेशनताका देउवाले 'यो पार्टी बीपीले बनाएको हो, मैले छाड्नुपर्दा बीपीकै छोरालाई छाड्ने हो' भनेका थिए । यही वाक्यको हवाला दिँदै हालै एक दैनिक पत्रिकाको अन्तर्वार्तामा शशांक स्वयंले देउवाको उत्तराधिकारी आफू नै भएको दाबी गरेका छन् । शेखरदेखि गगन हुँदै शशांकसम्मलाई फकाउँदै र उनीहरूबिचको स्वार्थमा खेल्दै सभापति देउवाले पार्टी र सत्ता राजनीतिमा आफ्नो वर्चस्वलाई निरन्तरता दिने चातुर्य देखाएकै हुन् ।

देउवाले यस्तो चातुर्य देखाइरहेकै बेला नेपाली कांग्रेसका नेतात्रय प्रकाशमान सिंह, शशांक कोइराला र विमलेन्द्र निधिले हालै भेटवार्ता गरेर कांग्रेसमा नयाँ तरंग ल्याएका छन् । शशांकले आयोजना गरेको सो भेटवार्ता १५औं महाधिवेशनमै केन्द्रित थियो । आगामी महाधिवेशनमा सभापतिका प्रबल दाबेदार एवं कांग्रेसका महान् दिवंगत तीन नेता बीपी कोइराला, गणेशमान सिंह र महेन्द्रनारायण निधिका पुत्रहरूबिचको यो भेटवार्तालाई अर्थपूर्ण मानिएको छ । १४औं महाधिवेशनमा प्रकाशमान र विमलेन्द्र पहिलो चरणमा सभापतिमा खडा भएका थिए, तर कसैले ५० प्रतिशत मत नल्याएपछि दोस्रो चरणमा यी दुवै नेताले शेरबहादुर देउवालाई समर्थन गरेका थिए । शशांकले पनि उतिबेला देउवालाई नै समर्थन गरेका थिए ।

अब देउवा सभापतिमा खडा नहुने भएकाले सभापतिका आकांक्षी यी तीन नेताले के गर्लान् भन्ने कुतूहलता छ । सभापति देउवाले 'बिपीका छोरालाई छाडछु' भनेको सन्दर्भमा बीपीका छोरा शशांकले आफ्ना प्रतिस्पर्धी नेतालाई घरमै डाकेर वार्ता गरेपछि कतै देउवाले शशांकलाई नै सभापति बनाउने त हैनन् ? भन्ने प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ । अर्कोतिर कोइराला परिवारभित्र पनि यसपालि कोइराला परिवारबाटै सभापति बनाउने लबिङ प्रारम्भ भएको छ । देउवा अघिका सभापति सुशील कोइरालापछि कांग्रेस नेतृत्वबाट कोइराला परिवार च्युत भएकाले त्यसको पुनर्स्थापनाको पहल पनि गिरिजाप्रसाद कोइरालाकी पुत्री एवं नेतृ सुजाता कोइरालाबाट भएको छ । कोइराला परिवारका शेखर, शशांक र सुजाताबिच यसबारे समझदारी भएको एकथरीको दाबी छ ।

कोइराला परिवार वृत्तका केही नेताले बताए अनुसार सभापति देउवा प्रधानमन्त्री भएपछि सुजातालाई सरकारमा प्रतिनिधित्व गराउने, १५औं महाधिवेशनमा शशांकलाई सभापति बनाउने र २०८४ को चुनावपछि शेखर कोइरालालाई प्रधानमन्त्री बनाउने सहमति कोइराला कोटरीमा भएको चर्चा छ ।

**देउवापछि आरजु शक्तिशाली**

१४औं महाधिवेशनपछि बनेको देउवा टिम १५औं मा आएर विघटन हुनेछ । टिमभित्र देउवाको उत्तराधिकारी को भन्नेमा ठुलो विवाद चलिरहेको छ । पार्टी उपसभापति पूर्णबहादुर खड्काले आफूलाई टिमको नेता दाबी गरे पनि सभापति देउवाले उनलाई विश्वास गर्न छाडेपछि उनी उक्लिएका छन् । देउवा टिममा बलियो नेताका रूपमा रहेका बालकृष्ण खाँण भुटानी शरणार्थी प्रकरणपछि अर्को बलियो पात्रको खोजी भइरहेको थियो, तर देउवा पत्नी आरजु राणालाई सरकारमा परराष्ट्रमन्त्री बनाउनु, खाँण मूलराजनीतिबाट बाहिरिनु, खड्का टिममा एक्लिनुजस्ता पछिल्ला घटना क्रमले देउवा टिममा आरजुको उदय भएको मान्न सकिन्छ ।

अहिले आएर नेपाली कांग्रेसमा कसैले चाहेर या नचाहेर डा. आरजु राणाको सशक्त हस्तक्षेप भइसकेको छ । पार्टीमा मात्र होइन, राष्ट्रिय राजनीतिमा पनि उनको 'ड्यासिङ पर्सनालिटी' बनेको छ । अहिलेको सत्ता गठबन्धन निर्माणमा परोक्ष वा अपरोक्ष रूपमा राणाको भूमिका महत्त्वपूर्ण रहेको तथ्य स्पष्टै छ । परराष्ट्रमन्त्रीका रूपमा राणाको भूमिका हालसम्म सफल नै देखिन्छ । खोट लगाउनुपर्ने कुनै ठाउँ देखिँदैन ।

*(साभार: रातोपाटी)*

# कार्यवाहकले सम्हाल्न नसकेको विपत्

काठमाडौं/जल तथा मौसम विज्ञान विभागले ७ असोजमै विशेष बुलेटिन जारी गरेर भोलिपल्टदेखि १२ असोजसम्म सातै प्रदेशमा वर्षा सम्भावना रहेको भन्दै उच्च सतर्कताका लागि सूचित गर्‍यो । मौसमविदले नेपालभर यो मनसुन अवधिकै भीषण वर्षाको सम्भावना औंल्याउँदै बिहीबारदेखि आइतबार सम्म ५६ जिल्लालाई रेड जोन अर्थात् अति जोखिम क्षेत्रमा राखेर उच्च सतर्कता अपनाउनुपर्ने बताएका थिए ।

यो सूचना तीन तहकै सरकार, सुरक्षा संयन्त्रदेखि विपद् व्यवस्थापन हेर्ने निकायले नपाएका होइनन् । तर विपदपूर्व जति तयारी गर्नुपर्थ्यो, त्यति भएको देखिएन । सरकारी संयन्त्रले पुरानै कामचलाउ शैलीमा तयारी थाल्यो । बिहीबार रातिदेखि पानी भीषण पर्न थालेको थियो । तर सरकारले शुक्रबार नदीको सतह बढेको देखेपछि मात्रै काठमाडौंबाट छुट्ने रात्री बस चलाउन रोक लगायो । अनि, नदीको तटीय क्षेत्रमा रहनेहरुलाई सतर्क रहने 'अलर्ट म्यासेज' पठायो । त्यस बेलासम्म विपद्सँग जुध्न अबेला भइसकेको थियो ।

शुक्रबार र शनिबार ललितपुर, नुवाकोटको विदुर, ललितपुरको गोदावरी र मकवानपुरको हेटौंडा आसपास यति ठूलो वर्षा भयो कि शनिबार विहान नहुँदै उपत्यकाका नदी किनारका अधिकांश बस्ती डुबिसकेका थिए । पूर्व गृहसचिव उमेश मैनाली प्रविधिकै सहायतामा एक हप्ता अघि नै विपदको जोखिमबारे प्रष्ट सूचना हुँदा पनि ठूलो क्षति ब्यहोर्नु परेको र उद्धार तथा राहतमा पुरानै शैली कायम रहेको अवस्था दुखद् भएको बताउँछन् ।

'हामीले यति धेरै विपद भोगिसक्यौं, तर चेतेनौं,' उनले भने, 'सरकारले यसपटक पनि विपद पूर्वको तयारी राम्रोसँग गरेन, उद्धारमा पनि विलम्ब भयो, यो राम्रो भएन ।' आइतबार साँझसम्म बाढी-पहिरोमा परेर ज्यान गुमाउनेको संख्या १७० पुगिसक्यो । ४२ जना अहिले पनि हराइरहेका छन्, ११० घाइतेहरु उपचारत छन् । बीपी तथा पृथ्वी राजमार्गमा सयौं मानिस तीन दिनदेखि अलपत्र परेका छन् ।

बाढी पहिरोले १६ पुलमा क्षति पुग्दा २० राजमार्गका ६९ ठाउँ अवरुद्ध छन् । सरकारी तथ्यांकअनुसार अहिलेसम्म ३ हजार ६ सय २६ को सकुशल उद्धार भएको छ । अझै पनि काठमाडौं उपत्यका र आसपासकै क्षेत्रमा उद्धारको पखाईमा रहेकाहरु थुप्रै छन् । काठमाडौंको नागढुंगा नाका नजिकै झ्याप्लेखोलामा पुरिएका बसहरु र त्यसमा सवार यात्रुहरुको ३६ घण्टा घण्टासम्म पनि उद्धार भइसकेको छैन । सीमित स्रोत साधनको प्रयोग गरेर भइरहेको सुस्त गतिको उद्धारले सरकारको कार्यक्षमता र तत्परता माथि गम्भीर प्रश्न उठाएको छ ।

**ढुक्क सिंहदरबार**

राजधानीसहित मध्य एवम् पूर्वी नेपाल बाढी र पहिरोको चपेटामा पर्दा प्रधानमन्त्री केपी शर्मा ओली अमेरिकाको बोस्टनस्थित हावर्ड विश्वविद्यालयका विद्यार्थीसँग प्रश्नोत्तर गरिरहेका थिए । उसो त राष्ट्रसंघको महासभामा सहभागी हुन ४ असोजमै अमेरिका पुगेका ओलीको यो कार्यक्रम पूर्वनिर्धारित थियो ।

१४ असोजमा फर्कने गरी अमेरिका गएका ओलीले उपप्रधान



तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहलाई कार्यवाहक दिएका थिए । तर 'कार्यवाहक सरकार' ले न संकटअघि पूर्वतयारी गरेको देखियो, न संकटपछि उद्धार कार्यमा सिंगो मुलुकलाई होम्न सक्यो ।

सरकारी निकायले नै भीषण वर्षा हुनसक्छ भनिसकेको अवस्थामा जोखिम क्षेत्रहरुको पहिचान गर्ने, त्यहाँ बसोबास गरिरहेकाहरुलाई सुरक्षित स्थानमा लैजान सकिन्थ्यो । नदीमा पानीको सतह बढ्दा तटीय क्षेत्रका बासिन्दालाई सूचना दिने संयन्त्र बनाउन सकिन्थ्यो । तर सरकारले कतिसम्म जोखिम हुनसक्छ भनेर सोध्न समेत आवश्यक ठानेन ।

विपदबारे पूर्वतयारीको लागि समन्वय गर्नुपर्ने निकायविपद जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सीईओ) अनिलकुमार पोखरेल आफैं शुक्रबार राति बेलायत उडे । व्यक्तिगत र पारिवारिक काम देखाउँदै उनी सहसचिव बसन्त अधिकारीलाई प्राधिकरणको कमाण्ड छाडेर विदेश गएका हुन् । नियमित नेतृत्व गरिरहरेका सीईओ नै नभएपछि प्राधिकरणले समन्वयका लागि पर्याप्त काम नै गर्न सकेन ।

जब सम्भावित जोखिमको आकंलन छैन, त्यस अनुसार पूर्व तयारी हुनै कुरै भएन । शनिबार विहान उद्दारका क्रममा त्यो प्रष्ट देखिन्थ्यो । नदी किनारका बस्तीहरु डुबेपछि तीनवटै सुरक्षा निकायका सुरक्षाकर्मीहरु त खटिए, तर उनीहरुसँग पर्याप्त बोट (डुंगा) र लाइफ ज्याकेट समेत थिएन ।

पूर्वसचिव उमेश मैनाली पूर्वतयारी मात्र होइन, उद्धारमा पनि तीन तहकै सरकारले बलियो पहलकदमी लिन नसकेको बताउँछन् । 'संघ सरकारको मुख्य दायित्व हो, तर प्रदेश र स्थानीय सरकार पनि यसमा चुके,' उनी भन्छन्, 'विपदपछिको उद्धार र राहतमा पनि काठमाडौंकै स्थानीय तह उदासीन देखिए ।' मैनालीका अनुसार २०६५ सालमा कोशीमा बाढी आउँदा तत्कालीन मन्त्रिपरिषद बैठकले मन्त्री विजय गच्छदार र गृह सचिवका रुपमा मलाई जे आवश्यक पर्छ, त्यही निर्णय गर्ने अधिकार दिएर विर टनगर नै खटाएको थियो । भन्छन्, 'सरकारले विपदमा समय लिएर निर्णय गर्ने हैन, आवश्यक परे मन्त्रीलाई मन्त्रिपरिषद सरहको अधिकार दिएर खटाउनुपर्छ ।'

शुक्रबार रातिदेखि नै बाढी पहिरोले देश आक्रान्त भइसक्दा विहान कार्यालय समय सुरु नहुँदासम्म सिंहदरबारमा अधिकांश जिम्मेवार पदाधिकारीहरु उपस्थित नै भएनन् । शनिबार विहान १० बजे गृह मन्त्रालयका सहसचिवको नेतृत्वमा कमाण्ड पोस्टको पहिलो बैठक बस्यो । बैठकमा गृहमन्त्री रमेश लेखक र गृहसचिव गोकर्णमणि दवाडी पनि उपस्थिति थिए । सबैको कुरा सुनेर उनीहरुले तत्काल राहत र उद्धारमा जुट्न निर्देशन दिएका थिए । सडक विभागदेखि स्वास्थ्य विभागसम्मका पदाधिकारीहरु सहभागी बैठकले विपदको जोखिमबारे छलफल गर्‍यो ।

त्यसपछि गृहमन्त्रीले केन्द्रीय सुरक्षा समितिको बैठक राखे । त्यो बैठकमा पनि देशभरको अवस्थाबारे ब्रिफिङ लिने र गृहमन्त्रीबाट निर्देशन दिने काम भयो । तर कार्यवाहक प्रधानमन्त्री सिंह यो संकटपूर्ण घडीमा कतै अग्रसर देखिएनन् । उनले आकस्मिक मन्त्रिपरिषद् बैठक राखेनन् । मन्त्रीहरुबीच समन्वयका लागि छलफल डाक्न समेत उनले नै दिउँसो २ बजे बोलाए ।

२ बजेर २० मिनेटमा बल्लतल्ल बैठक त सुरु भयो । त्यो बैठक पनि नियमित जस्तै गरी सुरु भयो । संकटको क्षणमा उपस्थितहरुमा कुनै हतारो देखिँदैनथ्यो । सुरुमा गृहसचिव गोकर्णमणि दवाडीले देशभरको अवस्थाबारे ब्रिफिङ गरे । तीन वटै सुरक्षा निकायका प्रतिनिधिहरु बोले । बैठकमा गृहमन्त्री रमेश लेखक पनि थिए, तर उनी बोलेनन् । अरु मन्त्रीका साथै सचिहरुले पालैपालो धारणा राखे । बैठकका एक सहभागीका अनुसार छलफलको दृश्य यस्तो थियो कि यो कुनै विचार गोष्ठी हो, जसमा सबैले आफ्नो विचार राख्छन् ।

हभागीहरुले लम्बेतान मन्तव्य राख्ने क्रममा बैठक साँझ पाँच बजेतिर टुंगियो । त्यसैले उपत्यकाका बाढी प्रभावितहरुका लागि राहत, अनि राजमार्गमा अलपत्र परेकाहरुको हेलिकप्टरबाट उद्दार गर्ने समय नै भएन । उता दुई दिनदेखि राजमार्गमा अलपत्र परेका यात्रुहरु भोकभोकै थिए । ससाना बालबालिका, बृद्धबृद्धा मात्र होइन, विरामीको समेत उद्दार हुन सकेन । त्यही कारण दुई जनाको त एम्बुलेन्समै मृत्यु भएको छ ।

**मन्त्रिपरिषद् बैठक खोइ ?**

विडम्बना के छ भने यस्तो राष्ट्रिय विपदको बलमा अझै मन्त्रिपरिषद बैठक बोलाइएको छैन । मन्त्रिपरिषद बैठक बसेर निर्णयहरु नगर्दा प्रमुख जिल्ला अधिकारीहरु राहत कसरी वितरण गर्ने भन्नेमा अलमलिएका छन् । अत्यावश्यक अवस्थामा कार्यवाहक प्रधानमन्त्रीले मन्त्रिपरिषद बैठक बोलाउन सक्ने भएपनि अहिले सरकारले त्यो आवश्यक देखेको छैन ।

उद्धारपछि अब राहतको विषय पनि उत्तिकै पेचिलो बन्ने अवस्था छ । यसका लागि सरकारले मन्त्रिपरिषदबाट एकद्वार प्रणाली सहितका व्यवस्थापकीय निर्णयहरु गर्नपर्ने मत विपद् प्राधिकरणका अधिकारीहरुको छ । हालको व्यवस्थाअनुसार प्रमुख जिल्ला अधिकारीहरुले तत्काल विपद् प्रभावितलाई राहतका लागि १५ देखि २० हजार रुपैयाँसम्म दिन सक्छन् । हाल घर नभएकालाई अस्थायी आवासका लागि २५ हजारसम्म तत्कालै दिन सक्छन् । थप आवश्यक परे अर्को २५ हजार रुपैयाँ पनि दिन सक्छन् ।

तर गृह मन्त्रालयका अधिकारीहरु यस्ता विषयमा यसअघि मन्त्रिपरिषदबाटै निर्देशनात्मक निर्णयहरु हुने गरेकाले उनीहरु निर्देशनको प्रतिक्षामा बस्ने जोखिम देख्छन् । त्यसो भएमा बाढी तथा पहिरो प्रभावितले समयमै राहत पनि नपाउने सम्भावना समेत छ । सबै जिल्ला प्रशासन कार्यालयसँग जिल्ला दैवी प्रकोप उद्धार समितिमा पर्याप्त स्रोत नभएकाले बजेटबारे पनि अन्योल छन् । बजेटको समस्या जिल्लामा मात्रै छैन ।

अधिकारीहरुका अनुसार विपद व्यवस्थापन कोषमा ६ अर्ब बजेट त छ, तर उद्धारका काममा विपद् व्यवस्थापन प्राधिकरणले समेत यो रकम खर्च गर्न पाउने व्यवस्था छैन । यो बेला प्रधानमन्त्री कार्यालयको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पैसा थुप्रिएको छ । त्यो कोषमा बाढी पीडितका लागि सहयोग गर्न चाहनेले पैसा जम्मा गर्न सक्छन् । तर कोषमा सहयोग आह्वान गर्न मन्त्रिपरिषद बैठकबाटै निर्णय हुनुपर्छ । 'कोषमा तत्काल सहयोग जम्मा गर्न नथाले बाढी पीडितका नाममा बाहिर पैसा जम्मा गर्न सुरु हुन्छ र जथाभवी सुगम क्षेत्रमा मात्रै राहत पुग्ने अवस्था हुन्छ,' गृहका एक अधिकारी भन्छन् ।

विपदका बेला मन्त्रिपरिषद बैठक बसेर तत्काल विपद प्रतिकार्यमा उत्रिन, उद्धारमा खटिन, राष्ट्रसेवकलाई कार्यक्षेत्र नछाड्न, राहत उपलब्ध गराउन निर्देशनहरु दिननुपर्ने हो । 'मन्त्रिपरिषद अभिभावक हो,' ती अधिकारीले भने, 'उसले विपदमा परेकासँग हामी छौं भन्ने सन्देश पनि दिन सकेन ।' अहिले प्रधानमन्त्री अध्यक्ष रहने केन्द्रीय विपद व्यवस्थापन परिषदको बैठक पनि बसेको छैन । कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहले सो परिषद बैठक पनि बोलाएका छैनन् । यसका कारण अहिलेसम्म विपदबाट क्षति कति भयो भन्ने थाहा पाउन डिटेल ड्यामेज एसेस्मेन्ट' सुरु गर्न नै अलमल हुँदैछ ।

विपद् व्यवस्थापन विज्ञ एवं पूर्वमन्त्री डा. गंगालाल तुलाधार यो संकटको मुख्य समस्या नै समन्वय नहुनु रहेको बताउँछन् । 'विपद प्रतिकार्य बैठकहरुमा सम्भावित प्रकोपबाट उद्धार गर्ने सबै निकार्य चुस्त छन् भनेर बिफ्रिङ गर्ने गरिएको थियो', उनले भने, 'तर जब संकट आयो, त्यै रानी मै रानी जस्तो भयो । समन्वय फिटिक्कै देखिएन ।'

**चर्को आलोचना**

कार्यवाहक प्रधानमन्त्री सिंहको काँधमा यो संकटविरुद्ध सिंगो समाजलाई तत्काल एकताबद्ध उद्धार कार्य, राहत वितरण र अस्थायी पुनर्स्थापनामा होम्नुपर्ने दायित्व छ । उनले सर्वदलीय बैठक समेत राख्न ढिलाइ गर्दैगर्दा प्रमुख प्रतिपक्षी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सर्वदलीय बैठक डाके । त्यसपछि सिंहले सर्वदलीय बैठक बोलाएको खबर बाहिर आएपछि प्रचण्डले आफ्नो बैठक रोके ।

आइतबार सिंहदरबारमा बसेको सर्वदलीय बैठकमा अधिकांश दलले सरकारी प्रवृत्तिको आलोचना गरेका छन् । माओवादी उपमहासचिव शक्ति बस्नेत भन्छन्, 'पूर्वानुमानका आधारमा सरकारले गर्नुपर्ने पूर्व तयारी गर्न कमी रहेको महसुस हामीले गर्‍यौं । खोज र उद्दारमा पनि सुस्तता देखियो ।'

स्वयं सरकारको प्रमुख घटक नेपाली कांग्रेस विपतको पूर्व तयारीका साथै उद्धार तथा राहत कार्यप्रति सन्तुष्ट छैन । आइतबार बसेको कांग्रेस कार्यसम्पादन समिति बैठकमा नेताहरूले राजधानी शहरकै संकटमा विलम्ब भएको उद्धार कार्यप्रति चित्त नबुझाएका नेताहरुले कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंह र गृहमन्त्री रमेश लेखकको जवाफ मागेका थिए ।

सभापति शेरबहादुर देउवाको निवास बूढानीलकण्ठमा बसेको उक्त बैठकमा कार्यवाहक प्रधानमन्त्री सिंह र गृहमन्त्री लेखकले सकेसम्म प्रयत्न गरेको बताएका थिए । 'गर्नसक्ने जति सरकारले गरेको हो । ५० वर्षपछि यस्तो प्राकृतिक विपत्ति आएको छ, यो प्रकारको दैवी प्रकोपका बारेमा अभ्यस्त थिएनौं', सिंह र लेखकको जवाफ मिल्दो थियो ।

सरकारको नेतृत्व गरेको नेकपा एमालेले भने सरकारी प्रयासको बचाउ गरेको छ । उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, महासचिव शंकर पोखरेल लगायत नेताहरु सम्मिलित एमालेको बैठकले उद्धार कार्य प्रशंसनीय रहेको निष्कर्ष नै निकाल्यो । विपद् व्यवस्थापन तथा स्वयसेवा विभागका प्रमुख खिमलाल भट्टराईले भने, 'हामीले उद्धार कार्य प्रशंसनीय रहेकाले सरकार, सुरक्षा निकायहरु, पार्टीका कमिटीहरु, जनसंगठनहरु र अन्य सामाजिक संघसंस्थाहरुको उच्च प्रशंसा गरेका छौं ।'

तर विनाशकारी वर्षाका कारण उत्पन्न संकटबारे निर्णय लिन सरकारले समयमा निर्णय लिन मात्रै होइन, यसबारेका पर्याप्त सूचना लिएर प्रतिकार्यमा जुट्न सरकार असफल देखिन्छ । अझै पनि बाढी पहिरो प्रभावित क्षेत्रमा तर कति मानिस हराइरहेका छन्, कहाँ उद्धारको खाँचो छ भन्नेबारे आइतबार दिउँसोसम्म स्पष्ट सूचना सरकारी संयन्त्रसँग छैन ।

देशमा तीन तहका ७६१ सरकार छन्, जनप्रतिनिधि नभएको वडा छैन । सुरक्षा निकायसँग बेग्लै संयन्त्र छ । ठूला राजनीतिक दलहरुसँग टोलसम्म कमिटी र नेता-कार्यकर्ता छन् । स्वास्थ्यकर्मी, सामाजिक संघसंस्थाहरुको संरचना छ । ट्रेड युनियनहरुको देशव्यापी जालो छ । तर अहिलेसम्म तीन तहकै ७६१ वटै सरकारहरुबीच पर्याप्त समन्वय छैन ।

'मौसम विज्ञान विभागले सूचना जारी गरेछि काम फत्ते गरेको सम्झियो, नागरिकहरु ढुक्क भएर बसे' विपद् व्यवस्थापन विज्ञ डा. तुलाधर भन्छन्, 'ठाउँ-ठाउँमा प्रहरी र डोजर छ भनेर गृह मन्त्रालयले पनि रेडजोनमा गर्नुपर्ने आवश्यक काम गरेन ।'

*(स्रोतः अनलाइनखबर)*

# सिधा कुराका प्रकाशक र कार्यकारी सम्पादकलाई ३ महिना कैदको फैसला

काठमाडौं/अदालतको अवहेलना गरेको अभियोगमा सर्वोच्च अदालतले सिधा कुरा डटकमका प्रकाशक युवराज कँडेल र कार्यकारी सम्पादक नवीन ढुंगानालाई तीन महिना कैदको सजाय सुनाएको छ ।

आइतबार प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरु प्रकाशमान सिंह राउत, सपना प्रधान मल्ल, प्रकाशकुमार ढुंगाना, हरिप्रसाद फुयाल, नहकुल सुवेदी, विनोद शर्मा, महेश शर्मा पौडेल र बालकृष्ण ढकालको बृहत् पूर्ण इजलासले उनीहरुलाई ३/३ महिनाको कैद सजाय सुनाएको हो ।

यदि अदालतसमक्ष क्षमायाचना गरेमा ७ दिन कैद सजाय गर्ने फैसला भएको सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुइँकेलले जानकारी दिए । सिधा कुरा डटकमले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्टिङ अपरेशन सम्बन्धी मुद्दामा सर्वोच्च अदालतका न्यायाधीश र केही आमसञ्चारमाध्यम सञ्चालकले लेनदेन गरेको दाबी गर्दै एक समाचार र भिडियो सामग्री प्रकाशन गरेको थियो ।

सिधा कुरा डटकमले राजकुमार तिमल्सिनाले दिएको एक अडियो कुराकानीका आधारमा उक्त समाचार प्रकाशन गरेको थियो । सर्वोच्च अदालतले तिमल्सिनालाई ६ महिना कैद गर्न आदेश दिएको छ । त्यस्तै सिधा कुरा डटकमलाई पनि ५ हजार रुपैयाँ जरिवाना गर्ने फैसला भएको प्रवक्ता कुइँकेलले जानकारी दिए ।

अनलाइनले क्षमायाचना सहित भूलसुधार गरेमा उसलाई तोकिएको ५ हजार रुपैयाँ जरिवाना मिनाहा गर्ने आदेश दिएको छ ।

सुरुमा संयुक्त इजलासले हेरेको यो मुद्दा पछि बृहत् पूर्ण इजलासमा पठाइएको थियो । बृहत् पूर्ण इजलासले चार पटक निर्णय सुनाउने मिति सारेर आइतबार फैसला सुनाएको हो ।

समाचार लेखेर वा प्रकाशित गरेर अदालतको अवहेलना गरेको भन्ने मुद्दामा सर्वोच्च अदालतले गरेको यो सबैभन्दा ठूलो कैद सजाय हो । यसअघि सर्वोच्च अदालत र प्रधानन्यायाधीशको कार्टुन बनाएको आरोपमा पत्रकार हरिहर विरहीले ७ दिन कैद सजाय भोगेका थिए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# चार देशमा बिक्री भयो जितु र नीतिको 'ज्वाइँ साब'

काठमाडौं/कुनै बेला नेपाली निर्माता हलबाट हुने व्यापार मा मात्र निर्भर थिए । जसले गर्दा फिल्म असफल भए घरबास उठ्थ्यो । तर, पछिल्लो समय 'विदेश राइट्स' निर्मातालाई आम्दानीको राम्रो स्रोत बनेको छ । सिक्वेल वा सिरिज फिल्मको भए त झन् प्रदर्शनभन्दा अगावै लगानी सुरक्षित हुन्छ । यसैले अचेल हलमा फिल्म खासै नचल्दा पनि 'विदेश राइट्स'का कारण निर्माताले ठूलो घाटा बेहोर्नु पर्दैन ।

यही असोज २४ गते (फूलपाती)देखि प्रदर्शनमा आउन लागेको फिल्म 'ज्वाइँ साब'का निर्माताले पनि विदेश राइट्सबाट राम्रो रकम हात पारिरहेका छन् । फिल्मको चार देशका लागि प्रदर्शन अधिकार बिक्री भइसकेको छ । अमेरिका, क्यानडा, यूके र जापानका लागि फिल्म बिक्री भएको प्रस्तुतकर्ता राजकुमार पण्डितले जानकारी दिए । अन्य देशमा पनि केही दिनमै



बिक्री हुने उनले बताए ।

फिल्म निर्देशक तथा सञ्चारकर्मी सुरेशदर्पण पोखरेलको माया डिजिटलले अमेरिकाको प्रदर्शन अधिकार लिएको हो । अक्टोबर ११ का दिन अमेरिकाको टेक्सास, क्यालिफोर्निया, न्यूयोर्क, भर्जिनिया लगायतका सहरमा सय बढी शोमा फिल्म प्रदर्शन हुने पोखरेलले बताए । फिल्मका निर्देशक वसन्त निरौला गीत र टिजरले राम्रो हाइप बनाएपछि विदेशमा 'ज्वाइँ साब'को माग बढेको बताउँछन् ।

यसमा जितु नेपाल, नीति शाह, बुद्धि तामाङ, रमेश बुढाथोकी, शिशिर वाङ्देल, प्रकाश घिमिरे, हिमेश पन्त, कविता आले, राजेन्द्र नेपाली, शिवहरी वैरागी, निमा पाण्डे, इशान राउत लगायतको अभिनय रहेको छ । मिनादेवी खड्का, सौगात पण्डित र पदमलाल तामाङको लगानी रहेको फिल्ममा विजय बस्याल कार्यकारी निर्माताको रुपमा छन् । यसमा श्याम तामाङको छायांकन रहेको छ ।

# नारीप्रधान भएर पनि 'बेहुली फ्रम मेघौली' रमाइलो छ : स्वस्तिमा

काठमाडौं/स्वस्तिमा खड्काले 'भर्सटायल' अभिनेत्रीको रुपमा आफ्नो छवि निर्माण गरेकी छन् । 'बुलबुल'मा निर्वाह गरेको 'रणकला'को चरित्र होस् वा 'चिसो मान्छे'मा सुदूर पश्चिमकी 'पुष्पा'को चरित्र नै किन नहोस्, हरेकमा उनले आफूलाई अब्बल रुपमा प्रस्तुत गरेकी छन् । अभिनयमा उनले जुन उचाइँ हासिल गरेकी छन्, त्यो धेरैका लागि लोभलाग्दो छ । अब उनले निर्मात्रीको परिचय पनि थपेकी छन् ।



स्वस्तिमाको पहिलो निर्माण रहेको फिल्म 'बेहुली फ्रम मेघौली' यही दशैंको घटस्थापना (असोज १७ गते)देखि सार्वजनिक प्रदर्शनमा आउँदैछ । सुरुमा उनलाई निर्देशकद्वय सजन बराल र आकाश काफ्लेले अभिनयका लागि मात्र फिल्म अफर गरेका थिए । स्क्रिप्ट पढेपछि भने स्वस्तिमा निर्माणमा पनि जोडिएकी थिइन् । उनले आफ्ना श्रीमान् तथा निर्देशक निश्चल बस्नेतलाई पनि संलग्न गराइन् ।

ट्रेलरबाटै प्रष्ट हुन्छ कि 'बेहुली फ्रम मेघौली' नारीप्रधान फिल्म हो । तर, नेपालमा नारीप्रधान भनेपछि रोधानधोना मात्र भएको फिल्म मानिन्छ, जहाँ महिलाको दुःख ज्यादा देखाइन्छ । स्वस्तिमाले पनि सुरुमा निर्देशकले फिल्म नारीप्रधान हो भनेर स्क्रिप्ट दिँदा दुःखकै कथा होला भन्ने ठानेकी रहेछिन् । तर, स्क्रिप्ट पढेपछि उनले अलग पाइन् । भन्छिन्, 'यो फिल्म नारीप्रधान नै हो, तर रमाइलो छ ।'

३० टेक्न लागेकी छोरीका लागि योग्य केटा खोज्न परिवारले गरेको संघर्षलाई फिल्मले रमाइलो शैलीमा देखाएको उनको भनाई छ । उनी भन्छिन्, 'अन्य नारीप्रधान फिल्म जस्तो यसलाई नसोचियोस् । नारीप्रधान फिल्म मात्र भन्दा निश्चित दर्शक केन्द्रित हुन जान्छ । तर, यो व्यवसायिक पक्ष भएको परिवारसँग बसेर हेर्न मिल्ने फिल्म हो, जहाँ एउटा विषयलाई एकदमै रमाइलोसँग देखाइएको छ ।'

३० वर्ष पुग्न लागेका विशेषगरी केटीलाई सामाजिक रुपमा विवाहको लागि कस्तो दबाब हुन्छ भन्ने कुरालाई रमाइलो ढंगमा फिल्मले पेश गरेको स्वस्तिमाको दावी छ । उनको धारणासँग निश्चल पनि सहमत छन् । उनी 'बेहुली फ्रम मेघौली'लाई परिवारसँग हेर्दा अझ महसुस गर्न सकिने फिल्म मान्छन् । बिहे भइसकेका वा बिहे हुन बाँकी हरेकले फिल्म हेर्दा आफूलाई पाउने निश्चलको विश्वास छ ।

यसमा निश्चल र स्वस्तिमासँगै बसुन्धरा भुषाल, विजय बराल, सिमरन खड्का, लोकेन्द्र लेखक, रक्षा थापा, सिरु बिष्ट, आमिर गौतम, शिशिर सिवाकोटी, टीका पहारी, प्रभाकर शर्मा, रामबाबु रेग्मी, लुनिभा तुलाधर, मुकुन्द मैनाली लगायतको अभिनय छ । यतिबेला फिल्मको 'छड्के सलाम' गीत चर्चामा छ भने अघिल्लो साता सार्वजनिक ट्रेलरले दर्शकबाट अब्बल प्रतिक्रिया प्राप्त गरिरहेको छ ।

# 'धूम ४'मा भित्रिएका हुन् रणवीर ?

काठमाडौं/यशराज फिल्म्स आफ्नो सफल 'फ्रेन्चाइज' 'धूम'को चौंथो पार्ट निर्माणको तयारीमा जुटेको छ । लामो समयदेखि 'धूम ४'मा बलिउड सुपरस्टारद्वय सलमान खान वा शाहरुख खानमध्ये कोही एकजना भित्रिन सक्ने चर्चा भइरहँदा यतिबेला भारतीय मिडियामा एउटा खबर फैलिएको छ । फिल्ममा अभिनेता रणवीर कपूरको प्रवेश भएको हलिउड हंगामा जस्ता भारतीय वेबसाइटले जनाएका छन् ।

शनिबार रणवीरको ४२औं जन्मदिन परेको थियो । सोही दिन उनी 'धूम ४'मा निश्चित भएको खबर भारतीय मिडियामा फैलिएको हो । यद्यपि, यशराज फिल्म्सबाट यसको पुष्टि भएको छैन । तर, रणवीरसँग निर्माता आदित्य चोपडा लामो समयदेखि छलफलमा थिए । आदित्यले 'धूम'को 'विरासत'लाई अगाडि बढाउन रणवीर नै सही छनोट हुने मानेको बलिउड हंगामाले समाचारमा जनाएको छ ।

फिल्मको स्क्रिप्ट आदित्यले विजय कृष्ण आचार्यको सहयोगमा तयार पारिरहेका छन् । यसपटक 'धूम ४'मा अघिल्ला सिरिजका कुनै कलाकारलाई दोहोर्‍याउने पक्षमा आदित्य छैनन् ।



# 'छोरा अनुपम मैले तिमीलाई बचाउन सकिन'

साझाकुरा संवाददाता

हेटौंडा, १३ असोज/ सिस्नेरी पहिरोमा पुरिने अनुपम घलान जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानका छोरा हुन् । एक्लो छोरालाई फुटबल सिकाएर खेलाडी बनाउने ललितको सपना बीचमै टुटेको छ ।

उनले छोराको मृत्युको खबरपछि सामाजिक सञ्जालमा लेख्दै भने, 'छोरा अनुपम मैले तिमीलाई बचाउन सकिन ।' अनुपम सानो उमेरबाटै फुटबलमा रुचि राख्ने भएकाले ललितले शुल्क तिरेर एकेडेमीमा छोरालाई फुटबल सिकाएका थिए । घलानले छोराको इच्छा र फुटबलप्रतिको लगावले इन्द्रसरोबरको सिस्नेरीस्थित एकेडेमीमा पठाएका थिए । अनुपमले हेटौंडामा भएको छनोटचरण पार गरेका थिए ।

नियमितजसो फुटबल खेल्न निस्किने बेला कुलेखानीको पानीले एकेडेमी पछाडिको खोला बढेपछि बिहान ६ बजे माथिको टेकर बजारमा सुरक्षित ठाउँ खोज्न जाँदा उनीसहित ६ जनालाई पहिरोले पुरेको थियो ।

छोरालाई पहिरोले पुरिएको खबर आउनासाथ घलान बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाललाई लिएर सिस्नेरीतर्फ हिँडे पनि बाटोभरि पहिरो खसेकाले त्यस स्थानमा पुग्न सकेनन् । प्रदेश सांसद पुलामीले साझाकुरासँग कुरा गर्दै भैंसेबाटै फर्किन लागेको बताएका थिए ।

नेकपा माओवादी केन्द्रले हेटौंडा उपमहानगरपालिकामा एउटा मात्र वडा जित्दा घलान १२ नम्बर वडाको अध्यक्षमा विजयी भएका थिए । तत्कालीन गठबन्धनमा जिसस माओवादीको भागबण्डामा परेपछि वडाध्यक्ष छोडेर घलान जिसस प्रमुख हुन आए । सोही १२ नम्बर वडामा उपनिर्वाचन हुँदैछ । घलान राजनीतिसँगै आफ्नै ठाउँमा सयपत्रि र मखमली फूलको खेती गर्दै आएका छन् ।

एन्फा केन्द्रीय सदस्य तथा एन्फा मकवानपुर अध्यक्ष टीका लामाका अनुसार एन्फाले राखेका २५ जना, स्थानीयस्तरबाट छनोट भएका ५ जना र शुल्क तिरेर सहभागी भएका १० जना गरी ४० जनाले फुटबल सिकिरहेका थिए । नेपाली सेनाको हेलिकप्टरबाट शनिवार साँझ उद्दार गरिएका सबै जनालाई काठमाडौंस्थित एन्फा कार्यालय र ६ जनाको शव शिक्षण अस्पताल लगिएको थियो ।

# दामन वर्षामापन केन्द्रको ३१ वर्षपछि 'रेकर्ड ब्रेक'

साझाकुरा संवाददाता

हेटौंडा, १३ असोज/ मकवानपुरको थाहा नगरपालिकास्थित दामनमा राखिएको वर्षामापन केन्द्रले ३१ वर्षपछि 'रेकर्ड ब्रेक' गरेको छ । जल तथा मौसम विज्ञान विभागले सार्वजनिक गरेको वर्षामापन केन्द्रहरुको विवरण अनुसार दामनले पनि 'रेकर्ड ब्रेक' गरेको हो ।

वर्षामापन केन्द्र दामनको रिपोर्ट अनुसार १२ असोजमा मापन गरिएको २४ घण्टाको वर्षा ४१० मिलिमिटर मापन गरिएको छ । दामनमा यसअघि २० जुलाई १९९३ अर्थात २०५० साल साउन ५ गते ३७३.२ मिलिमिटर वर्षामापन भएको थियो । विभागले १४ जिल्लाका २५ वटा केन्द्रमा 'रेकर्ड ब्रेक' वर्षामापन भएको जनाएको छ ।

काठमाडौंको पानीपोखरी, त्रिभुवन विमानस्थल, बुढानीलकण्ठ, जीतपुरफेदी र नागार्जुन, ललितपुरको गोदावरी, खुमलटार, टीकाथली, खोकना, चापागाउँ र भक्तपुरको नखेल वर्षामापन केन्द्रले २४ घण्टाअवधिको वर्षाको पुरानो रेकर्ड तोडिएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

विभाग अन्तर्गतको हावापानी विज्ञान महाशाखाका अनुसार अर्घाखाँचीको सन्धिखर्क, चितवनको गोविन्दबस्ती, धादिङको गजुरी, झापाको चन्द्रगढी विमानस्थल, काभ्रेको खोपासी, पाँचखाल र धुलिखेलमा पनि रेकर्डब्रेक वर्षा भएको छ । त्यस्तै मकवानपुरको दामन, नुवाकोटको ककनी, पाल्पाको बल्ड्याङगढी, पाँचथरको फिदिम, सिन्धुपाल्चोकको बाहुनेपाटी र तनहुँको सखर तथा खैरेनीटारको वर्षामापन केन्द्रमा पनि अहिलेसम्मको धेरै वर्षा रेकर्ड भएको छ ।

# बाढीपहिरोबाट थाहामा ठूलो भौतिक क्षति

साझाकुरा संवाददाता

हेटौंडा, १३ असोज/ थाहा नगरपालिकामा गत १० असोजदेखि शनिवार रातीसम्म परेको अविरल वर्षाका कारण ठूलो भौतिक क्षति हुन पुगेको छ । सडक पूर्वाधार, खेतीबाली, आवास, पशुचौपाय आदिमा क्षति पुगेको हो ।

बाढीपहिरोबाट कुनै मानवीय क्षति भने नभएको जनाइएको छ । थाहानगरमा वर्षाका कारण दर्जनौं घरहरु भत्केका छन् । प्रारम्भिक विवरण अनुसार थाहा-२ का रामभक्त कार्की र शेरबहादुर तामाङको घर भत्किएको छ । त्यसैगरी थाहा-६ का नवराज सुवेदीको घरगोठ र रत्नलाल बलामीको गोठ भत्केको छ, भने थाहा-९ मा शालिग्राम लामिछाने र चिरञ्जीवी लामिछानेको घर भत्किएको छ ।

थाहा-११ मा आइते थोकरको घर र थाहा-८ मा बालकुमार नेपालीको गोठ भत्किएको छ । थाहा-४ सीमभञ्ज्याङका रामकुमार गोले र सुन्तली गोले तथा थाहा-११ का सुकराम थोकर घरबाट बिस्थापित भएका छन् । थाहा-५ का उमेश गुरुङ र दीप गुरुङको घर पूर्णजोखिममा परेको जनाइएको छ । गोठ भत्किएर पुरिँदा दर्जन बढी बाखाहरु मरेको प्रारम्भिक विवरण प्राप्त भएको छ ।

थाहा-६ मा नवराज सुवेदीको घरगोठ भत्किंदा त्यसमा पुरिएर एउटा गाई र ६ वटा बाख्रा मरेका छन् भने थाहा ६ कै रत्नलाल बलामीको गोठले थिचेर ८ वटा बाख्रा मरेका छन् । थाहा ८ का बालकुमार नेपालीको गोठ भत्किएर पुरिँदा २ वटा बाख्रा मरेका छन् । नगरपालिकामा पर्ने त्रिभुवन राजपथ खण्डदेखि नगरभित्रका सडकहरु वर्षा र पहिरोका कारण क्षेतविक्षत भएको छ । राजपथको कैयौं स्थानमा पहिरो जानुका साथै सडकमाथि पहिरो थुप्रिंदा सवारी आवागमन अवरुद्ध भएकोमा १३ असोजबाट पालुङ-हेटौंडा खण्ड खुलेको छ ।

थाहानगरको दामन-डाँडाबास, शिखरकोट-आग्रा सडकमा ठूला गाडी चल्न सकेका छैनन् । भित्री सडकका पुलहरुसमेत जोखिममा परेका छन् । थाहा नगर पालिका-३ बागेखोलाको पक्की पुल जोखिममा परेको छ भने बागेखोला बस्ती पनि जोखिममा परेको छ । यसैबीच पालिकाकेन्द्रबाट प्रत्येक वडा जोड्ने सडक आंशिक खुलेका छन् । अधिकांश सडकहरु अवरुद्ध छ ।

# उद्दार र राहतमा खटिन कांग्रेस बागमती प्रदेशको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, १३ असोज/निरन्तरको वर्षाबाट भएको प्राकृतिक विपतिको घटनाप्रति नेपाली कांग्रेस बागमती प्रदेशले दु:ख व्यक्त गरेको छ । पार्टी बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले शोक विज्ञप्ति जारी गर्दै अविरल वर्षाका कारण आएको बाढी, पहिरो, डुवान जस्ता प्राकृतिक विपद्मा परी बागमती प्रदेशलगायत देशका अन्य प्रदेशका विभिन्न भागमा भएको ठूलो जनधनको क्षतिप्रति दु:ख व्यक्त गरेका हुन् ।

शोक विज्ञप्तिमार्फत उनले विपत्तिको समयमा नागरिकको जीवनरक्षा, उद्दार तथा राहातको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन पार्टीले तीनै तहको सहकारलाई आग्रह गरेको छ । उद्दार, राहात, स्वास्थ्यकर्मी परिचालनलगायतमा सरकारलाई साथ दिन बागमती प्रदेशभित्रका नेपाली कांग्रेसका नेता, कार्यकर्ता, भातृ तथा शुभेच्छुक संस्थाका पदाधिकारी, सदस्य लगायतलाई उनले निर्देशन दिएका छन् ।

'प्रभावित जिल्लाका सम्पूर्ण स्थानमा पुगी उद्दार तथा राहतमा खटिएका तीनै तहका सरकारी संयन्त्रलाई विशेष सहयोग गर्दै बाढी, पहिरो तथा डुवानमा परेका र पर्नसक्ने थप जोखिमका क्षेत्रको पहिचान गर्दै सुरक्षित क्षेत्रमा स्थानान्तरण गराउने कार्यमा यथाशीघ्र खटिन पार्टीका सबै तहका नेता कार्यकर्तालाई आग्रह गर्दछु ।' बानियाँले भनेका छन् ।

पीडित परिवारलाई तत्काल राहात उपलब्ध गराउन, सम्पर्क विहिनहरुको खोजी तीव्र बनाउन र घाईतेलाई उपचारको व्यवस्था गरी यस प्रकोपबाट उत्पन्न असहज परिस्थितिमा नागरिकले सहज जीवनयापन गर्नसक्ने व्यवस्था मिलाउन तीनै तहको सरकारसमक्ष नेपाली कांग्रेस बागमती प्रदेश कार्यसमितिले आग्रहसमेत गरेको छ ।

प्राकृतिक प्रकोपमा परी जीवन गुमाएका सम्पूर्णमा नेपाली कांग्रेस बागमती प्रदेश कार्यसमितिले श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकटसमेत गरेको छ । घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै पीडित परिवारलाई तत्काल राहत उपलब्ध गराउन पार्टीले सबै पक्षलाई आह्वान गरेको छ ।

# बागमती सरकारले विपद प्रभावितलाई राहत उपलब्ध गराउने

साझाकुरा संवाददाता

हेटौंडा, १३ असोज/ बागमती प्रदेश सरकारले विपद प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउने निर्णय गरेको छ । शनिबार साँझ बसेको आकस्मिक बैठकले प्रदेश सरकारको तर्फबाट आवश्यक सहयोग तत्काल उपलब्ध गराउने निर्णय गरेको हो ।

बैठकले प्रदेश सरकारका निकायबाट क्षतिको विवरण तत्कालै एकिन गरी सो पश्चात प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि, २०८० बमोजिम प्रदेश सरकारको तर्फबाट आवश्यक सहयोग तत्काल उपलब्ध गराउने निर्णय गरेको हो । विपद्बाट प्रभावित नागरिकलाई थप सहयोगका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने बैठकले निर्णय गरेको मुख्यमन्त्री बहादुरसिंह लामाले जानकारी दिए ।

उनका अनुसार बैठकले अविरल वर्षाका कारण भएको क्षतिका सम्बन्धमा खोज, उद्दार र राहतलाई थप प्रभावकारी बनाउन जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति तथा सुरक्षा निकायहरुसँग समन्वय र सहकार्य गर्ने, प्रदेश सरकारका सम्बन्धित मन्त्रालय र निकायहरुले आआफ्नो विषय क्षेत्रसँग सम्बन्धित क्षतिको विवरण तत्काल संकलन गर्ने निर्णय गरेको छ ।

विपदबाट घाइते व्यक्तिको शीघ्र उपचारका लागि चिकित्सकीय टोली तथा आवश्यक औषधि तथा उपकरणहरुको व्यवस्थापन प्रदेश स्वास्थ्य मन्त्रालयले गर्ने व्यवस्था गर्ने, तत्काल नागरिक आवागमन सहज बनाउन अवरुद्ध सडकको मर्मत तथा व्यवस्थापनका लागि प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले कार्य प्रारम्भ गर्ने निर्णय गरेको मुख्यमन्त्री लामाले बताए ।


बागमती प्रदेश
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
हेटौंडा, मकवानपुर

**सूचना ! सूचना ! सूचना !**

नेपाल सरकार, जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले निति २०८१/०६/०९ गते जारी गरेको सूचनानुसार हाल देशभर रहेको मौसमी वायूका प्रभावको कारण मिति २०८१/०६/१० (बिहिबार) देखि २०८१/०६/१३ (आइतबार) सम्म बागमती प्रदेशका धेरै २०८१/०६/१० (बिहिबार) स्थानहरुमा भारीदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेको र मिति २०८१/०६/१० (बिहिबार) देखि २०८१/०६/१३ (आइतबार) सम्मका लागि मनसुनी वर्षाको जिल्लागत जोखिमको विवरण अनुसार बागमती प्रदेशका दोलखा जिल्ला मध्यम जोखिम र अन्य १२ जिल्ला उच्च जोखिममा रहेका हुनाले कृषि क्षेत्रमा यसले पार्ने प्रभावप्रति सचेत हुन र निम्नानुसार गर्नुहुन आमकृषक माझ यो सूचना जारी गरिएको छ ।

१. पानी परेको समयमा रासायनिक/प्राङ्गारिक मलको प्रयोग गर्दा मल बगेर जाने हुँदा यो समयमा रसायनिक/प्राङ्गारिक मलको प्रयोग नगर्ने । साथै, बिषादीको पनी प्रयोग नगर्ने ।
२. धान खेत, तरकारी बारी तथा फलफूल वगैंचामा विभिन्न ठाउँबाट कुलेसो काटी पानीको निकास गर्ने ।
३. पानी परेको समयमा धान नकाट्ने र मौसम सफा भई पानी पर्न रोकेको ३-४ दिनपछि मात्र धान काट्ने । उपलब्ध भएसम्म मेसिनहरु प्रयोग गरी धान काट्ने र खेतमा नछोडी भित्र्याउने ।
४. हावाहुरीबाट लडेको धानको बालालाई सक्दो चाडै काटेर, थ्रेश गरी दाना सुकाई भण्डारण गर्ने र भिजेको धानलाई उसिना चामल बनाउने वा चिउरा, भुजामा प्रयोग गर्ने ।
५. वर्षा नरोकिँदासम्म तरकारीको नर्सरी व्याड नराख्ने । यदि राखेको भए पानी निकासको उचित व्यवस्था गर्नुका साथै प्लाष्टिकले ढाक्ने ।
६. पशुवस्तुलाई खुवाउने दानालाई सफा र ओभानो ठाँउमा भण्डारण गर्ने । चिसो ठाउँमा भण्डारण गरेको दानामा ढुसीको संक्रमण भई पशुवस्तुको पाचनक्रियामा समस्या आउनुका साथै बिष उत्पन भई पशुवस्तुमा क्षती पुग्न सक्दछ । त्यसैगरी भण्डारण गरिएको घाँस/परालमा ढुसीको संक्रमण हुनसक्ने भएकोले बेला-बेलामा निरीक्षण गर्ने ।
७. माछापोखरीमा धमिलो पानी मिसिन नदिने । माछापोखरीको निकासद्वारमा माछाको साइज अनुसारको जाली लगाई पानी निकासको उचित व्यवस्था मिलाउने ।
८. वर्षातको समयमा तापक्रम र आद्रतामा घटबढ भइरहँदा मौरीको छाउरामा कुहिने रोग (Foul Brood Disease) लाग्ने सम्भावना भएकोले मौरी घारको नियमित अनुगमन गर्ने र मौरीलाई खाना कम भएको अवस्थामा चिनी चास्नी बनाएर खुवाउने ।



**हार्दिक बधाई तथा शुभकामना**



बरिष्ठ अधिवक्ता ईश्वरराज ढकाल

यस मकवानपुर सहकारी अस्पतालका कानूनी सल्लाहकार श्री ईश्वरराज ढकालज्यू सर्वोच्च अदालतको मिति २०८१/०६/१० गतेको निर्णयअनुसार बरिष्ठ अधिवक्ता उपाधि पाउन सफल हुनुभएकोमा हार्दिक बधाईसहित कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

विष्णुगोपाल महर्जन (अध्यक्ष) एवम्
**मकवानपुर सहकारी अस्पताल, परिवार**
हेटौंडा-१, भिन्तुनापथ



**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्धारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेष्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपुर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७८२४६१४, ९८४५९२७०५७



**सूचना ! सूचना !! सूचना !!!**

अब किन जानु पर्‍यो विदेश ?

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
**Singhababahini Moto Corp Pvt. Ltd.**
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५



**असोज ७ गतेबाट तपाईंको सेवामा**

DFSK EC 36

" हाम्रो सुमो सेवाको नौलो प्रस्तुती "



**हाम्रो ई.भी. सेवा**

हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो

काठमाण्डौं काउन्टर:-०१-५४०४४४५,९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८

सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४० पुरानो मकवानपुररोड

सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना